निर्णयः-

१. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का सदस्यहरूबाट कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा आ-आफ्ना क्षेत्रबाट भईरहेका गतिविधिका सम्बन्धमा बैठकमा जानकारी गराइयो ।

२. जिल्लाभित्र हेटौडा अस्पताल लगायत स्वास्थ्य संस्थाहरूमा अक्सिजनको अभाव हुन नदिन हेटौडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य श्री सुपेन्द्र कार्कीको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रशासकीय अधिकृत श्री दिलिप कुमार श्रेष्ठ, हेटौडास्थित तीनवटै अक्सिजन सप्लायर्सका प्रमुखहरू सदस्य रहने गरी अक्सिजन व्यवस्थापन समिति गठन गर्ने । सो समितिले हेटौडा अस्पताल लगायत जिल्लास्थित सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक पर्ने अक्सिजनको आँकलन एवं नियमित आपूर्तिको व्यवस्था मिलाउने र सो को जानकारी दैनिकरूपमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरलाई गराउने ।

३. जिल्लाभित्र कोभिड-१९ संक्रमणको दर बढ्दै जाँदा मौजुदा स्वास्थ्यकर्मी र उपचारका निम्ति आवश्यक ICU बेडहरू अभाव देखिएको हुँदा जिल्लाभित्र सञ्चालनमा रहेका औद्योगिक प्रतिष्ठानहरूले उद्योग संघ मकवानपुरसँग समन्वयमा स्वास्थ्य पूर्वाधारहरू (भेन्टिलेटर, ICU/HDU बेड, Isolation Center, अक्सिजन सिलिण्डर) व्यवस्थापन गर्ने र थप स्वास्थ्यकर्मीहरू खटाउन आवश्यक सहयोग गर्न आगामी बैठकमा स्पष्ट योजना पेश गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी